आज मिति २०७५।०६।२९ गते सोमबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री बीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुढी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रभिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

जिल्ला रौतहट, साविक गा.वि.स. खेसरहियामा कार्यालय सहायकका रुपमा कार्यरत माधव नारायण नगरपालिका वडा नं. ४, विशुनपूर्वा मानपुर बस्ने श्री प्रमोद कुमार यादवको मिति २०७५।०३।३२ को निवेदन, श्री जिल्ला समन्वय समितिको मिति २०७५।०३।३१, च. नं. १६९८ को पत्र तथा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।०६।१८, च. नं. ५५४ को पत्र तथा संलग्न कागजातहरुका आधारमा नीज प्रमोद कुमार यादवले यस कार्यालयमा हाजीर गराई कामकाज गरी पाउनका लागि दर्ता गराएको निवेदन उपर छलफल गर्दा नीज प्रमोद कुमार यादवलाई अन्य शर्तहरुका बाहेक तपसिल बमोजीमका शर्तहरु अनिवार्य लागु हुने गरी अर्को व्यवस्था नहुन्जेल सम्मका लागि यस कार्यालयमा श्रीमान नगर प्रमुखज्यूको सचिवालयमा कार्यालय सहायक चौथो (सहायकस्तर चौथो) सरहको पदमा करार सम्झौता गरी करारमा कामकाजमा लगाउनका लागि यस नगरपालिकाको प्रशासन शाखा, लेखा शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१. नीज प्रमोद कुमार यादवले साविक गा.वि.स. खेसरहिया (हाल माधव नारायण नगरपालिका वडा नं. २)मा कामकाज गर्दाको बाँकि बक्यौता पारिश्रमिक यस नगरपालिकाको कार्यालयसँग हक दावी गर्ने छैन ।

२. नीज प्रमोद कुमार यादवले भविष्यमा कुनै किसिमको कानुनी बाधा व्यवधानका कारण यस कार्यालयमा कामकाज गर्न बन्देज देखिएमा यस कार्यालयमा हाजीर भएको मिति देखि बुझिलिएको सम्पूर्ण पारिश्रमिक यस कार्यालयमा फिर्ता बुझाउनु पर्नेछ ।

आज मिति २०७५।०६।२९ गते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner